# झापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा झापा कोशी प्रदेश, नेपाल
Email: jhapagaunpalika@gmail.com I website: jhapamun.gov.np

प.सं.:2081/82
च.नं.: 98८

## आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी १५ दिने सूचना

**(प्रथम पटक प्रकाशित: २०८२।०२।३० गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा झापा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ (संसोधन २०८१) समेतको परिच्छेद १२ नियम १३८ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाको क्षेत्रभित्र आ.व. २०८२/८३ को लागि तपसिल बमोजिमका आन्तरिक स्रोत संकलन गर्न इच्छुक व्यक्ति संघ,संस्था, फर्म तथा कम्पनीहरुबाट निम्न बमोजिको रित पुचाई शुल्क संकलनका लागि शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्काको नाम | वडा | न्यूनतम कवोल अंक | दर भउ पत्र फारम शुल्क | खरिद गर्ने मिति र समय | दर भाउ पत्र पेश गर्ने र खेल्ने मिति र समय | आवश्यक धरौटी र बैक खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १-२०८२/८३ | स्थानीय सेवा व्यवसाय तथा सरसफाई शुल्क | झापा गा.पा भरी | ७,०१,०००।- | १०००।- | २०८२ असार १३ गते कार्यालय समय सम्म | २०८२ असार १५ गते मध्यान्ह १२ बजे सम्म पेश गर्ने र अपरान्ह १ बजे खोल्ने | कबोल अंकको ५ प्रतिशत धरौटी एन आई.सी एसिया बैंक झापा बजार शखाको खाता नं. K2CA051251452407 मा दाखिला गरेको सक्कल भौचर | |
| २-२०८२/८३ | हाटकर झापा बजार | वडा नं. २ | ३०,१००।- | १०००।- | | | | |
| ३-२०८२/८३ | कान्जीहाउस लसुनगंज | वडा नं. १ | ७,६००।- | ३००।- | | | | |
| ४-२०८२/८३ | कान्जीहाउस झापा बजार | वडा नं. २ | ५,०००।- | ३००।- | | | | |
| ५-२०८२/८३ | कान्जीहाउस कुवाडी | वडा नं. २ | १,१००।- | ३००।- | | | | |
| ६-२०८२/८३ | कान्जीहाउस लसुना | वडा नं. १ | १,१००।- | ३००।- | | | | |

प.सं.:20८1/82

च.नं: 98८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७-२०८२/८३ | साविक वडा नं. ३ र २ को कान्जीहाउस | वडा नं.४ | ७,०००।- | ३००।- | | | | |
| ८-२०८२/८३ | साविक वडा नं. ७ कामाटोली कान्जीहाउस | वडा नं.३ | २,५००।- | ३००।- | | | | |
| १०-२०८२/८३ | कन्काई बजार हाटकर | वडा नं.६ | १२,०००।- | ३००।- | | | | |
| ११ -२०८२/८३ | कामाटोली बजार हाटकर | वडा नं.३ | २०,०००।- | ३००।- | | | | |
| १२ -२०८२/८३ | सिमलबाडी बजार हाटकर | वडा नं.३ | ४,३००।- | ३००।- | | | | |
| १४ -२०८२/८३ | मदरगाछ बजार हाटकर | वडा नं.७ | २५,०००।- | ३००।- | | | | |
| १५ -२०८२/८३ | जलकर | वडा नं. ३ र ४ | ३०,०००।- | १०००।- | | | | |
| १६ -२०८२/८३ | विज्ञापन कर | झापा गा.पा भरी | ३०,०००।- | १०००।- | | | | |

- सि.नं १ मा उल्लेखित ठेक्काको हकमा संघ,संस्था, फर्म वा कम्पनीले मात्र दरभाउपत्र पेश गर्न सक्नेछन् ।
- दरभाउपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि र संघ,संस्था, फर्म वा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी साथ निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
- दरभाउपत्र साथ भौचर र नेपाली नागरिकताको प्रतिलिपि, संघ,संस्था, फर्म वा कम्पनी भए प्यान तथा भ्याट दर्ता प्रतिलिपि, करचुक्ता प्रमाणपत्र समेत संलग्न राखी शिलबन्दी दरभाउ पत्रसाथ लाहछाप लगाई पेश गर्नुपर्नेछ ।
- रित नपुगी वा म्याद नाघी आएको वा कुनै शर्त राखी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

प.सं.:2081/82
च.नं. ०१८८

- कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने छ।
- शुल्क उठाउन आवश्यक कर्मचारी ठेकेदार स्वयमले व्यवस्था गर्नु पर्नेछ। कर असुली गरिने नगदी रसिद ठेकदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।
- कार्यालयले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखि शुल्क असुल गर्नुपर्नेछ।
- ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ।
- थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
०८२/०२/३०